मिति २०८२/०६/११ गते
नवौं नगरसभा

# राजविराज नगरपालिका

# "वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका, २०८२"

**"Emergency Fund Management Guideline to Support Reintegration of Returnees and their Families, 2082"**

## नगर कार्यपालिकाको कार्यालय
## राजविराज नगरपालिका, सप्तरी
## मधेश प्रदेश

## वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका,२०८२

**प्रस्तावना**

स्वदेश आगमन संगै वैदेशिक रोजगारीबाट फिर्ता आएकाहरु व्यक्तिहरु तथा उनीहरुको परिवारको सदस्यहरुलाई आधारभूत आवश्यकताहरु जस्तैः गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य-शारीरिक र मानसिक, मनोवैज्ञानिक तथा मनोसामाजिक सहित विभिन्न समस्याहरु जस्तैः कानुनी सहयोग, उद्दार, जोखिम, हिंसा, भेदभाव र लान्छनाहरु बाट संरक्षण र उचित सम्वोधन गर्दै वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारीबाट फर्की आएका कामदार तथा निजको परिवारको सामाजिक सुरक्षा तथा सहायताको लागि नेपालको संविधान २०७२ को भाग-३ अन्तर्गत मौलिक हकलाई सुनिस्चित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७८ बमोजिम नगरसभाले यो निर्देशिका जारी गरेको छ।

यस नगरपालिका मतहतमा रहने गरि एक वैदेशिक रोजगारीबाट फर्केको तथा तिनका परिवारहरुको लागि पुनः एकीकरण आपतकालिन कोष स्थापना गरिनेछ ।

उक्त कोष व्यवस्थापन तथा परिचालनका लागि यो निर्देशिका तयार गरिएको हो ।

### भाग - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम - वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः

क. "निर्देशिका" भन्नाले वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका लाई जनाउँछ ।

ख. "आप्रवासी" भन्नाले वैदेशिक रोजगारीमा गएका व्यक्ति वा समूहलाई जनाउँछ ।

ग. "वैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति" भन्नाले श्रम गर्न भारत तथा विदेश खास गरि कतार, मलेशियामा, यु.ए.ई., साउदी अरेविया, ओमान, बहराईन र कुवेत गई फिर्ता आएको व्यक्तिहरुलाई सम्झनु पर्छ ।

घ. "परिवार" भन्नाले वैदेशिक रोजगारीमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका कामदार आफैले पालन पोषण गर्नु पर्ने पति वा पत्नी, छोरा, छोरी वा आमाबाबु तथा सासु ससुरा समेतलाई जनाउँछ।

ङ. "आर्थिक सहायता" भन्नाले वैदेशिक रोजगारीमा गएका तथा फर्केका परिवार स्वास्थ्य एवं आर्थिक सामाजिक समस्यामा पर्दा आपतकालीन कोषबाट प्रदान गरिने रकमलाई सम्झनु पर्छ ।

प्रमाणितकरण

च. "समिति" भन्नाले यस निर्देशिकाको भाग ३ को नियम (१) बमोजिम कोष व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

छ. "उप समिति" भन्नाले यस निर्देशिकाको भाग ४ को नियम (४.३) बमोजिमको उपसमितिलाई सम्झनु पर्दछ ।

ज. "अध्यक्ष" भन्नाले समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

झ. "संयोजक" भन्नाले उप समितिका संयोजकलाई सम्झनु पर्दछ ।

ञ. "सदस्य" भन्नाले भाग ३ को नियम (१) र भाग ४ को नियम (४.३) बमोजिमको समिति र उप समितिका सदस्यहरुलाई सम्झनु पर्दछ।

ट. "कार्यालय" भन्नाले स्थानीय तहको कार्यालय वा स्थानीय तहले तोकेको कार्यालयलाई बुझाउँछ ।

ठ. "स्थानीय तह" भन्नाले राजविराज नगर पालिका लाई सम्झनु पर्छ।

## भागः- २

### लाभान्वित वर्गः-

२.१ वैदेशिक रोजगारमा गएका वा गएर फर्केका तथा भाग नं. (१) को "ख, ग, घ" बमोजिमका परिवार यस कोषको लाभन्वित वर्ग हुनेछन् ।

## भागः- ३

### आपतकालिन कोष स्थापन, प्रयोग तथा सञ्चालन

### कोषको स्थापना तथा व्यवस्थापनः

३.१ वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारवाट फर्कि आएका कामदार तथा नीजको सामाजिक सुरक्षा कल्याणको लागि नगर पालिकाको निर्णय अनुसार पालिकाको मातहत हरने गरी एक पुनः एकीकरण आपतकालिन कोषको स्थापन गरिनेछ । उक्त कोष व्यवस्थापन गर्न नगर प्रमुखको अध्यक्षतामा निम्न वमोजिमको ९ सदस्यीय कोष व्यवस्थापन समितिको गठन हुनेछ।

अध्यक्ष- नगर प्रमुख
सदस्य- नगर उप-प्रमुख
सदस्य- प्रमुख प्रशासकीय अधिकृत
सदस्य- सामाजिक विकास समिति संयोजक
सदस्य- आर्थिक विकास समिति संयोजक
सदस्य- कृषि विकास शाखा प्रमुख
सदस्य- पशु विकास शाखा प्रमुख
सदस्य- सामाजिक विकास शाखा प्रमुख
सदस्य- रेमी परयोजनाको अधिकृत स्तरको कर्मचारी (१ जना)
सदस्य- नगर आप्रवासी श्रमिक संजाल अध्यक्ष वा निजले तोकेको व्यक्ति
सदस्य सचिव- श्रम तथा रोजगार हेर्ने शाखा प्रमुख/रोजगार संयोजक

आवश्यकता अनुसार तथा विषयको गम्भीरतालाई मध्यनजर गरी स्थानीय प्रहरी/प्रशासन, परियोजना संबन्धित व्यक्ति तथा विशेषज्ञ संस्थाको सहयोग लिन सकिनेछ ।

३.२ आपतकालीन कोषमा देहाय बमेजिमको रकम जम्मा गरिनेछः

(क) सम्भाव्य आप्रवासी तथा आप्रवासी कामदारहरुले देश, विदेशबाट सहयोग स्वरुप प्रदान गर्ने रकम तथा कल्याणको लागि जम्मा गर्ने रकम।

(ख) नेपाल सरकार तथा विषयगत निकायहरुबाट वार्षिक कार्यक्रम मार्फत उपलब्ध गराउने रकम

(ग) दातृ पक्षबाट उपलब्ध गराइएको रकम ।

(घ) नगरपालिकाले विनियोजन गरेको रकम।

(ङ) सामुदायिक संघ संस्था तथा निजि क्षेत्रबाट प्राप्त भएको रकम।

(च) स्वदेशी वा विदेशी व्यक्ति वा निकायबाट प्राप्त अनुदान तथा सहयोग रकम ।

(छ) बैदेशिक रोजगारमा गएका व्यक्ति तथा निजको परिवार सदस्य, बैदेशिक रोजगारीबाट फर्किएको व्यक्ति, जान लागेको व्यक्ति लगायत इच्छुक व्यक्तिहरुले स्वेच्छिकरूपमा सहयोगस्वरूप प्रदान गरेको रकम।

(ज) अन्यश्रोत बाट प्राप्त रकमहरु ।

प्रमाणितकरण
दस्तखत:
मिति:
नाम: इसरत परविन
पद: प्रमुख नगर प्रमुख
नगरपालिका

## ३.३ कोषको प्रयोग तथा संचालनः-

### कोषको प्रयोगः

वैदेशिक रोजगारीबाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोषको प्रयोग देहायको प्रयोजनका लागि गरिनेछ ।

(क) कामदारको अङ्ग-भङ्गभई, दीर्घरोगी भएका वा मृत्युका कारणबाट वा अन्य कारणबाट आर्थिक र सामाजिक लागतमा ह्रास भएको कामदार वा नीजको परिवारलाई तत्काल राहतका लागि सहयोग प्रदान गर्न ।

(ख) वैदेशिक रोजगारीको क्रममा ५ वर्ष वा सो भन्दा बढि सम्पर्क विहिन भएका वा मृत्यु भएका व्यक्ति रअङ्ग-भङ्गभई, आर्थिक अभावका कारण बच्चाहरु विद्यालय जान नसक्ने अवस्था भएका कामदारको सन्ततीलाई शैक्षिक निरन्तरताका लागि माध्यमिक स्तर सम्मको शिक्षामा सहयाता प्रदान गर्ने ।

(ग) वैदेशिक रोजगारीको क्रममा वा त्यसको कारण मृत्यु भएको कामदारको अन्त्येष्टी वा दाह संस्कार गराउन तत्काल सहयोग गर्ने ।

(घ) वैदेशिक रोजगारीको क्रममा अलपत्र परी आर्थिक अभावका कारण समस्यामा परेको व्यक्तिलाई स्वदेश फर्काउन ।

(ङ) वैदेशिक रोजगारीबाट फर्केको आएको व्यक्ति तथा तिनका परिवारहरुलाई आवश्यक तत्काल उद्धार, खाद्य व्यवस्था, लत्ता कपडा, पुनर्स्थापना केन्द्र वा safe house सम्म यातायात सुविधा, स्वास्थ्य (शारीरिक तथा मानसिक), मनोवैज्ञानिक र मनोसामाजिक परामर्श, उपचार र औषधि खर्च सम्वोधन गर्न प्रदान गरिनेछ ।

माथि उल्लेखित बुँदाहरूले परिभाषित गरको (समेट्ने) व्यक्ति तथा लाभग्राहीहरुलाई घटनाको प्रकृति अनुसार समितिको निर्णयानुसार बढीमा रू ५० हजार सम्म आर्थिक सहायता प्रदान गरिने छ।

### कोषको सञ्चालनः

(क) नियम नं ३.१ बमोजिम गठन भएको कोष सञ्चालन समितिले कोषको सञ्चालन गर्नेछ ।

(ख) कोषको सञ्चालन तथा व्यवस्थापन गर्दा वैदेशिक रोजगारीमा देखिएको समस्याहरु जस्तैः मृतक परिवारलाई अन्त्येष्टिका लागि दिईने खर्च रकम, बैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासीकामदारका वालवालिकाहरुका लागि शिक्षा, बैदिशिक रोजगारीवाट फिर्ता आएको व्यक्ति र आप्रवासी कामदारमा परिवारका लागि स्वास्थयोपचार एंव मनोसामाजिक उपचार आदि जस्ता खर्च शिर्षकहरुको व्यवस्थापनको लागि कोषको परिचालन गरिनेछ।

(ग) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(घ) कोषको आन्तरीक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यलयबाट र अन्तिम लेखा परिक्षणको कार्यलयबाट हुनेछ ।

प्रमाणिकरण

## ४.कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकारः

४.१ वैदेशिक रोजगारीमा गएका वा फर्केका व्यक्ति वा निजका परिवारका लागि सहयोग गर्न कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय वमेजिम हुनेछः

(क) कोषमा प्राप्त हुन आएको रकमलाई समयमै जम्मा गरी सोको अभिलेख राख्ने ।

(ख) कोषमा रहेको रकम स्विकृत निर्देशिका अनुसार खर्च तथा व्यवस्थापन गर्ने ।

(ग) कोषको वार्षिक रुपमा लेखा परिक्षण गर्ने व्यवस्था मिलाउने र वित्तिय विवरण सहितको लेखा परिक्षण प्रतिवेदन सम्वद्ध निकाय र दातृ निकायलाई लेखा परिक्षण समाप्त भएको एक महिना भित्र पठाउने ।

(घ) कोषको रकम खर्च गर्दा पारदर्शिता कायम गर्ने ।

(ङ) कोषको दुरुपयोग हुननदिने ।

(च) कोषको वार्षिका योजना तर्जुमा र कार्यान्वयन गर्ने र कोषको पूर्ण उपयोगको (value of money) सुनिश्चितता गर्ने ।

(छ) कोषको नियमित प्रतिवेदन तयार गरी सम्वन्धित निकायहरुमा पठाउने ।

(ज) लेखा परिक्षणबाट औल्याइएका कैफियत तथा वेरुजुहरुलाई १५ दिनभित्र फछ्रौंट गराउने व्यवस्था मिलाउने । यसरी लेखा परिक्षण गर्दा असुल उपर गर्न देखिएको रकमका हकमा नियम अनुसार असुल उपर गराउने ।

४.२ कोषको लेखा नेपाल सरकारको लेखा प्रणालीमा आधारीत रहेर प्रचलित एन, कानून अनुसार हुनेछ ।

४.३ कोषलाई व्यवस्थित, प्रभावकारी र पारदर्शि बनाउन र कोषको समितिले गरेको निर्यण कार्यन्वयन गर्न अध्यक्ष ज्युले तल उल्लेख भए वमोजिमका तीन सदस्यहरुको उप समिति गठन गर्न छन् :

क. संयोजक :- रोजगार संयोजक

ख. सदस्य :- नगर आप्रवासी संजालको अध्यक्ष वा सदस्य

ग. सदस्य :- कोष व्यवस्थापन समितिको अध्यक्ष ज्युले तोकेको प्रतिनिधी एक जना

अनुगमन र जाँचवुझ सम्वन्धिको व्यवस्थाः

(क) यो निर्देशिकामा उल्लेखित व्यवस्था अनुसार भए-नभएको वा कुनै किसिमको अपार्दशिता देखिएको सम्वन्धमा स्थानीय परियोजना समन्वय समितिले अनुगमन गर्ने सक्नेछन् ।

(ख) कुनै पनि किसिमको शंकास्पद काम भएमा वा भएको लागेमा वा दुरुपयोग भएमा विशेष अनुगमन समितिले हरेक दस्तावेजहरुको जाचबुभ गर्न सक्नेछन ।

त्यसरी जाँचवुभ गर्दा कसुर ठहरिएका व्यक्ति वा समुह माथि नेपालको प्रचलित एन, कानून बमोजिम दण्ड सजाय हुनेछ ।

आर्थिक सहायता माग गर्ने प्रकृया, निवदेनको ढाँचा, आवश्यक कागजातहरू सम्वन्धि व्यवस्था थप गर्नु पर्नेछ।

प्रमाणिकरण

**भागः- ५**

**५. आर्थिक सहायता माग गर्ने प्रकृयाः**

क) एका घरको परिवार (नाता खुल्ने गरि  नाता-प्रमाणित ) आवश्यकता अनुसार यस निर्देशिकाको मापदण्ड बमोजिम कोषबाट आर्थिक सहयोग चाहने व्यक्तिले आर्थिक सहयोग पाउनुपर्ने मानसिबकारण खुलाई लिखित निवेदन सहित वैदेशिक रोजगारीसंग सम्बन्धित रहेका कागज पत्रहरु संकलन गरि वडाको सिफारिस सहित नगर कार्यपालिकाको कार्यालयमा पेश गर्नु गर्ने हुन्छ

ख) निवेदन, वडाको सिफारिस र वैदेशिक रोजगारिमा गएको प्रमार्णित हुने कागजत वा सिफारिसको आधारमा आपतकालिन कोष व्यवस्थापन समितिले सेवाग्राहिको अवस्था हेरी आवस्यकता अनुरुप आर्थिक सहायताका लागि  निर्णय गर्ने  ।

**भागः- ६**

**६. विविध**

क) **निर्देशिका संशोधनः**-यस कार्यविधीमा कुनै संशोधन गर्नु परेमा वैदेशिक रोजगारीवाट फर्केको व्यक्ति तथा तिनका परिवारहरुको पुनः एकीकरणका लागि आपतकालिन कोष सञ्चालन निर्देशिका,२०८२ व्यवस्थापन समितिले संशोधन सहितको प्रस्तवना स्थानीय तह समक्ष पेश गर्नु पर्नेछ । स्थानीय तहको कार्यपालिकाले प्रस्ताव पारित गरे पछि मात्र लागु हुनेछ ।

ख) **निर्देशिकाको व्याख्याः**-यस कार्यविधीको व्याख्या गर्ने अधिकार स्थानीय तहलाई हुनेछ ।

ग) **नियमको निष्कृयताः**-यस कार्यविधीमा लेखिएका अन्य कुनै कुरा नेपाल सरकारको संघीय र प्रदेश सरकारको प्रचलित ऐन कानुन संग बाझिन गएमा सो वाझिएको हद सम्म मात्र निष्कृय हुनेछ ।

******

प्रमाणिकरण
दस्तखत:
मिति
नाम:
पद: का.वा. नगर प्रमुख